नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशाला

फोन नं. : ९७७-०१-५०१००५९
९७७-०१-५५३२१२७
९७७-०१-५०१००७३
फ्याक्स : ९७७-०१-५०१००६३

पत्र संख्या :-
च.न.

हरिहरभवन, ललितपुर

मितिः २०८२/०३/२२

# पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट दर्ता सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस प्रयोगशालाको मिति २०८२/०३/०९ को निर्णय अनुसार आ. व. २०८२/८३ मा आयात/निर्यात हुने पशु आहारासँग सम्बन्धित सामग्रीको दर्ताका लागि पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र बिक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८० को दफा (८) (३) अनुसार यसै साथ सङ्लग्न अनुसूची ९ बमोजिमको ढाँचामा आजको मिति देखि तीस दिन भित्र आधिकारिक विवरण सहित निवेदन राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशाला (पशु आहारा दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमितिको सचिवालय) मा पेश हुन यो सूचना प्रकाशित गरिएको छ।

3/22

डा. हेम राज अवस्थी
प्रमुख पशु विकास अधिकृत (सहसचिव)

नेपाल सरकार
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

अनुसूची- ९

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

पशु,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको दर्ता/ नवीकरणको लागि दिईने निवेदनको ढाँचा

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
मार्फत: श्रीमान् संयोजकज्यू,
पशु आहारा दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमिति।

विषयः दर्ता गरी पाउँ।

उपरोक्त विषयमा मैले/ हामीले ........................................मा ........................................कम्पनी बाट उत्पादित र वितरित कच्चा पदार्थहरु पैठारी गरि पशु,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री निकासी/पैठारी गर्दै आएकोमा चालु आर्थिक वर्षमा समेत उक्त पदार्थहरुको व्यापार गर्न इच्छुक भएकोले निम्नानुसार तोकिएको ढाँचामा उक्त पदार्थहरुको विवरण भरी दर्ता प्रयोजनको लागि पेश गरेको छु/गरेका छौं।

अभिलेखीकरण गर्ने वस्तुः पशु दाना/फिड प्रिमिक्स/ फिड सप्लिमेन्ट को नाम

| क्र.सं. | वस्तुको विवरण | विवरण |
|---|---|---|
| १. | वस्तुको वर्गीकरण (पशु/ पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री) | |
| २. | वस्तुको व्यापारीक नाम | |
| ३. | वस्तुमा भएको मिलावट (प्रति युनिट) | |
| ४. | वस्तुको उत्पादन गर्ने कम्पनी | |
| ५. | मुलुक | |
| ६. | वस्तुको प्रयोजन | |
| ७. | वस्तुको प्याकिङ्ग साइज | |
| ८. | प्याकेजिङ्गमा प्रयोग हुने चिजको विवरण | |
| ९. | उत्पादन गर्ने कम्पनिको ISO/GMP/HACCAP/ नम्वर र जारी गर्ने एजेन्सी | |
| १०. | सम्बन्धित देशको आधिकारीक निकायमा दर्ता भएको भए दर्ता प्रमाण पत्र जारीगर्ने निकाय र नम्वर | |

निवेदकको नामः

सहीः

फर्म/ उद्योगको नामः

ठेगानाः

सम्पर्क नम्बरः

संलग्न हुनुपर्ने कागजातहरु:

१. फर्म, व्यवसाय, कम्पनी वा उद्योग दर्ता भएको प्रमाणपत्र

२. प्यान वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. कर चुक्ता प्रमाणपत्र

४. पैठारी गरिने कम्पनीबाट जारी गरिएको नेपालमा विक्रीवितरण गर्न सक्ने आधिकारिक पत्र

५. पैठारी गरिने फिड प्रिमिक्स र फिड सप्लिमेन्टको लेबल सहितको प्रत्येक उत्पादनको नमूनाको कम्तिमा २५ प्रतिशत चारित्रिक बनावटको विश्लेषण गरिएको रिपोर्ट (नयां फिड प्रिमिक्स र फिड सप्लिमेन्टको सिफारिस माग गर्ने फर्मको लागि।

६. पैठारी गरिने पशु दाना, फिड प्रिमिक्स र फिड सप्लिमेन्टको नाम बनावट, इंन्डिकेशन र मात्रा उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवं प्रमाणित गरिएको आलेख

७. पैठारी गरिने पशु दाना, फिड प्रिनिक्स र फिड सप्लिमेन्टको सम्वन्धित उत्पादका देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा

८. फर्मका मुख्य संचालकको नागरिकताको प्रमाणपत्र

९. आवश्यक कच्चा पदार्थ सहितको बार्षिक उत्पादन हुने पशु दाना, फिड प्रिमिक्स र फिड ससिमेन्टको लिष्ट पेश गर्नुपर्ने

१०. तोकिएको ढाँचामा Antibiotic Free Declaration, Ruminant Protein Free Declaration, GMO Free Declaration (स्व-घोषणा पत्र )

<u>स्वघोषणाको ढाँचा</u>

मिति २०८..../.../..

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
मार्फतः श्रीमान् संयोजकज्यू,
पशु आहारा दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमिति।

विषयः स्वघोषणा सम्वन्धी।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८२/०२/२३ गते प्रकाशित सूचना बमोजिम यस पत्रमार्फत म निम्नलिखित कुराहरू स्पष्ट रूपमा स्वेच्छाले स्वघोषणा गर्दछु।

म, ........................., स्थायी ठेगाना ...................., प्यान/ भ्याट नं ........................, आधिकारीक प्रतिनिधि '[आयात गर्ने संस्था/कम्पनीको नाम] ..........................................., कार्यालय ठेगाना ..................................................... कम्पनीको तर्फबाट म देहाय बमोजिमका बुँदाहरु पालन गर्ने स्व घोषणा गर्दछु।

१. हाल र भविष्यमा कुनै पनि अवस्थामा एन्टिबायोटिक, रुमिनेन्ट प्रोटिन (Ruminant Protein) वा जेनेटिकली मोडिफाइड अर्गानिज्म (GMO) को अंश भएको कुनै पनि वस्तु कहिल्यै पनि पशु सेवा विभागमार्फत आयात गर्ने छैन।
२. म पूर्णरूपमा यस कुराको प्रतिवद्ध छु कि म स्वयंले आयात गर्ने कुनै पनि वस्तुमा यस्ता तत्वहरू समावेश नहुने सुनिश्चित गर्नेछु।
३. यस स्व-घोषणाको उल्लङ्घन भएमा कानून बमोजिमको कारबाही स्वीकार गर्नेछु।

म यो घोषणापत्र सत्य, प्रमाणिक र कुनै दबाव विना स्वेच्छाले गरेको छु।

दस्तखत : ________________

पैठारीकर्ता/घोषणाकर्ताको नामः

मिति :

ठेगानाः